# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(...प्रशासन............... शाखा)

पत्र संख्या :- ०७७/०७८

चलानी नं. :- १८३५

रामशाहपथ, काठमाडौं

मिति :- २०७८।०१।१९

विषयः- मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०७८ सम्बन्धमा ।

श्री मुख्य न्यायाधिवक्ताको कार्यालयहरु, सबै ।

उपरोक्त सम्बधमा यस कार्यालयको व्यवस्थापन समितिको मिति २०७८।०१।१९ गतेको निर्णयवाट स्वीकृत भएको मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०७८ तहाँ कार्यालयको जानकारीका लागि यसै पत्र साथ पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

(लोकराज पराजुली)

सहन्यायाधिवक्ता

अवगतार्थः-

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय, महान्यायाधिवक्ताको कार्यालय ।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय ।

बोधार्थः-

श्री प्रवक्ताज्यू, महान्यायाधिवक्ताको कार्यालय ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०७८

जारि मितिः २०७८।०१।१९

नेपालको संविधानको धारा १६० को उपधारा (६) बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन गर्नको लागि मुख्य न्यायाधिवक्ताहरुसँग परामर्श गरी महान्यायाधिवक्ताको कार्यालयबाट यो मार्गदर्शन जारी गरिएको छ।

१. **मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापनः** (१) प्रत्येक मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहने कर्मचारीहरुको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) नेपाल सरकारले स्वीकृत गरेको दरबन्दीमा महान्यायाधिवक्ताको कार्यालयले कर्मचारी खटाउनेछ।

(३) उपदफा (२) बमोजिम महान्यायाधिवक्ता कार्यालयले कर्मचारी खटाउन नसक्ने जानकारी दिएमा वा दुई महिनासम्म कर्मचारी नखटाएमा प्रदेश सरकारसँग समन्वय गरी मुख्य न्यायाधिवक्ताको कार्यालयले कर्मचारीको व्यवस्थापन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम नेपाल सरकारले सिर्जना गरेको दरबन्दी अपुग भएमा आवश्यक पर्ने कर्मचारीको व्यवस्था प्रदेश कानून बमोजिम मुख्य न्यायाधिवक्ताले मिलाउन सक्नेछ।

(५) मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रशासकीय तथा लेखा उत्तरदायी प्रमुखको जिम्मेवारी महान्यायाधिवक्ताको कार्यालयबाट खटिएको कर्मचारीको हुनेछ।

२. **कर्मचारी सरुवा गर्दा समन्वय गर्नेः** महान्यायाधिवक्ताको कार्यालयबाट मुख्य न्यायाधिवक्ताको कार्यालयमा खटाइएका कर्मचारीहरुको सरुवा गर्दा वा काजमा खटाउँदा सामान्यतः मुख्य न्यायाधिवक्तासँग समन्वय गरिनेछ।

३. **कानून व्यवसायीबाट प्रतिनिधित्व गराउन सक्नेः** (१)मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको तर्फबाट वा प्रदेश सरकारका विरुद्ध दायर भएका मुद्दा मामिलामा प्रदेश सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भै बहस पैरवी र प्रतिरक्षा गर्न प्रदेश कानून बमोजिम कानून व्यवसायीबाट प्रतिनिधित्व गराउन सक्नेछ

(२) उपदफा (१) बमोजिमका कानून व्यवसायीको पारिश्रमिकको व्यवस्था प्रदेश सरकार वा मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्नेछ।

४. **वार्षिक प्रतिवेदन पठाउनेः** मुख्य न्यायाधिवक्ताले आफ्नो वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेको एक महिनाभित्र महान्यायाधिवक्ता कार्यालयमा पठाउनु पर्नेछ।